# टोखाः एक ऐतिहासिक चर्चा

टेकबहादुर श्रेष्ठ
ने.ए.अ.के., त्रि.वि.

## परिचय

काठमाडौं-उपत्यकाको मध्यकालीन इतिहासमा टोखा एउटा सांग्रामिक स्थलको रूपमा प्रसिद्धी पाएको प्रदेश मान्न सकिन्छ। शिवपुरी पर्वतको दक्षिण-पश्चिमी काखमा अवस्थित यस स्थलको पूर्व-दक्षिणमा विष्णुमती नदी र पश्चिममा सपन खोला रहेका छन्। चण्डेश्वरी र सरस्वती गाउँ विकास समितिमा विभाजित् यो उत्तर-दक्षिण तन्किएको समतल भूमिमा फैलिएको छ। नेवार समाज रहेको यहाँ शैव, शाक्त, वैष्णव, बौद्ध, आदि विभिन्न धार्मिक सम्प्रदायअन्तर्गतका देवदेवीका मन्दिर, ढुंगे धारा, पाटी-पौवा आदि विभिन्न साँस्कृतिक सम्पदाहरू रहेका छन् भने चण्डेश्वरी यात्रा र सपनतीर्थ मेला यहाँका प्रसिद्ध धार्मिक चाडपर्वमा पर्दछन्।

काठमाडौंबाट नुवाकोट, धुन्चे भई भोट जाने मार्गमा पर्ने यो प्रदेशमा लिच्छविकालमा वस्ती बसिसकेको बुझिन्छ (वज्राचार्य, वि.सं. २०३०, पृ. २६६-२६७)। मध्यकालमा आएर यो प्रदेशको राजनैतिक, आर्थिक तथा सांस्कृतिक विकास भएको देखिन्छ। मूल राजनीतिक-सांस्कृतिक केन्द्र काठमाडौं वरिपरिका थानकोट, कीर्तिपुर, खोकना, वुङ्मती, चापागाउँ, लुभु, ठिमी आदिले जनमानसमा प्रभाव पारे जस्तै यस्को वास्तविक महत्त्वसंग वाह्य जनसमूह परिचित भएको देखिंदैन। यसले शिवपुरीस्थित टोखा सेनेटोरियमको नामले मात्र प्रसिद्धी पाएको देखिन्छ (माली, ई. १९७९, पृ. ४-५)। आजकल यहाँ शाही नेपाली सैनिकद्वारा स्टाफ कलेज सञ्चालन गरिएको छ। तसर्थ क्षयरोग निवारण अस्पतालभित्रको एउटा एकान्त अँध्यारो कोठाको अपहेलित एक रोगी जस्तै यो टोखाको ऐतिहासिक महत्त्वलाई प्रकाशमा ल्याउने उद्देश्यले यो लेख यहाँ प्रस्तुत गरिएको छ।

## टोखाको नामाकरण

टोखालाई आजकल झैं मध्यकालको पूर्वार्द्धमा पनि टोखा नै भनिन्थ्यो (बज्राचार्य र मल्ल, ई. १९८५, पृ. ४६)। मध्यकालको उत्तरार्द्धका दुई दर्जनभन्दा बढी अभिलेखहरूमा यसलाई 'तोखा देस', 'टोखा ग्राम' भनिएका छन् भने कतै 'जयपुरी नगर', 'जयपुली देस' (श्रेष्ठ, वि.सं. २०५१, पृ. ५१)। यसबाट त्यसताका यो प्रदेशले टोखा नामले प्रसिद्धी पाएको र यस्को आर्को नाम जयपुर पनि रहेको कुरामा विवाद देखिंदैन।

*Contributions to Nepalese Studies*, Vol. 23, No. 1 (January 1996), 285–294.
Copyright © 1996 CNAS/TU

मध्यकालमा कुनै एउटा प्रदेशको नाम जनभाषा र संस्कृत भाषामा वेग्लावेग्लै राखिने प्रचलन पनि रहेको थियो। टोखाको नाम जनभाषामा 'टोखा' र संस्कृतमा 'जयपुर' रहेको देखिन्छ। यसै गरी उपत्यकाका अन्य प्रदेश जस्तै थानकोट (थंक्बाठ) लाई सुपेभापुर, बलम्वुलाई भर्त्तिपुर, किंसिपिडीलाई हस्तिनापुर भनिएका जस्ता दुई थरी नाम हुने प्रदेशहरू अरू धेरै पाइन्छन्। यी नामहरूमा जनभाषाको नाम समाजमा बढी चलनचल्तीमा आएको पाइन्छ।

कुनै पनि ठाउँको नाम एक-एक अर्थ विशेषको आधारमा राखिएको हुन्छ। टोखा नेवारी भाषामा 'तुखा' को अपभ्रंश शव्द मान्न सकिन्छ। नेवारी भाषामा 'तु' को उखु र 'खा' को खाल्डो. (प्रदेश) अर्थ लगाइएको पाइन्छ (मानन्धर, इ. १९८६, पृ. ९४ र ३८)। लिच्छविकालमा 'खा' प्रत्यय स्थाननाम शव्दहरू पाइन्छन् तर ती 'खा' संस्कृत भाषाका नभएर तिव्वतो-वर्मन हुन् र यस्ता प्रत्यय नेवारी भाषामा अद्यापि प्रयोग हुंदै आएका छन् (मल्ल, इ. १९८१, पृ. १३ र १६)। काठमाडौं-उपत्यकामा 'खा' प्रत्यय स्थाननाम शव्दहरू यट्खा, न्ह्योखा, प्यूखा, कोटखा आदि अद्यापि प्रचलित रहेको पाइन्छ। यसर्थ 'उखु पाइने प्रदेश' हुनाले त्यसको नाम 'तुखा' रहेको र 'त' लाई 'ट' पनि उच्चारण गरिने हुंदा 'तुखा' लाई उच्चारण गर्न सजिलोको लागि 'तोखा' र पछि 'टोखा' हुन गएको देखिन्छ। अर्को महत्त्वपूर्ण कुरो, त्यस भेकमा उखुको उत्पादन प्रशस्त हुने हुंदा त्यसबाट 'चाकु' (गुड) बनाई उद्योग-व्यापार गरिन्थ्यो। टोखाका महेन्द्र वस्नेतले ८० रोपनी जग्गाको बार्षिक ८० धार्नि गुड कर स्वरूप भन्सारमा बुझाएको बारेको वि.सं. १८६५ को एउटा पत्र प्राप्त भएकोले त्यसताकासम्म पनि गुड उत्पादन गरिंदै गरेको कुरा स्पष्ट हुन्छ (यस सम्वन्धी पत्र यस केन्द्रमा छ)। 'टुसाल' भनी उखुको व्यापारमा एक किसिमको कर लगाइएको थियो (वैद्य, इ. १९९३, पृ. ३५२)।अर्को कुरा, भक्तपुरको 'दही' र 'टोपी', खोकनाको 'तेल' भने झैं टोखाको 'चाकु' प्रसिद्ध मानिन्थ्यो। प्रत्येक वर्ष मनाइने माघेसंक्रान्ति पर्वमा उपत्यकाका बुढापाकाहरू टोखाको चाकुको सम्झना र प्रशंसा अद्यापि गर्दैछन्। अतः उखु उत्पादन हुने प्रदेश भएकोले नेवारी भाषामा यसको नाम 'तुखा' पछि 'टोखा' रहन गएको कुरो स्पष्ट भएको छ।

## सांग्रामिक स्थलको रुपमा टोखा

टोखाकोटको निर्माण भएको तिथिमिति निश्चित् रूपमा तोक्न ऐतिहासिक सामग्रीको अभाव छ। टोखाको सांस्कृतिक दृष्टिले केन्द्र रूपको तपलाछी टोलको चोकमा एउटा लिच्छविकालीन अभिलेख रहेको छ (वज्राचार्य, वि.सं. २०३०, पृ. २६६-२६७)। संवत् ५९१ को यस अभिलेखको केही अंश फुटी अस्पष्ट रहेको छ तापनि यहाँ चार किल्लाभित्रका जनतालाई यस कुरोमा दुःख नदिनू र अनावश्यक पिरोलेमा राजाले नसहने कुरा उल्लेख गर्दै भविष्यमा हुने राजाले समेत् यसको पालना गर्नु पर्ने व्यहोरा परेको छ। यसबाट टोखा किल्लाबारे कुनै प्रकाश परेको भने पाइँदैन।

मध्यकालमा आएर मात्र टोखा किल्लाबारेमा प्रकाश परेको पाइन्छ। यसको उल्लेख सर्व प्रथम ने.सं. ३७५ मा आएको छ (वज्राचार्य र मल्ल, ई. १९८७, पृ. ४६)। त्यहाँ जयदेवले किल्लामा रहेको सुन लुटेको (?) हुँदा टोखा र नेपी किल्लाहरूले विद्रोह गरेको विषय

परेको छ। टोखाकोटको उल्लेख विभिन्न मितिको विभिन्न घटनाहरूमा भएको छ (ऐजन्, पृ. ३६, ५८,६१ र ६२)। यसबाट मध्यकालको पूर्वार्द्धमा टोखा एउटा बलियो किल्लाको रूपमा प्रतिष्ठापित भएको कुरामा शंका रहँदैन। मध्यकालमा आएर यस किसिमका किल्लाहरूको संख्यामा बृद्धि भयो। मध्यकालको पूर्वार्द्धमा राज्य विभाजन क्रम शुरू भयो। विक्रमको बाह्रौं शताब्दीमा आएर तीन स्वतन्त्र राज्यहरू देखा परे। एकले अर्कोको आक्रमणबाट सुरक्षित हुन, अर्कोमाथि आक्रमण गर्न तथा राज्यको सुरक्षा व्यवस्थित तुल्याउन गढी-किल्लाको निर्माण गर्न अत्यावश्यक थियो। अर्को कुरा, त्यसताका सांग्रामिक दृष्टिले महत्त्वपूर्ण स्थलहरूमा वस्ती बसाउनु पर्ने बाध्यता पनि भयो। यसरी मध्यकालको अन्त्यतिर नेपालमा राज्य संख्या ५२ भन्दा बढी पुग्न गएकोले पनि किल्लाहरूको संख्यामा झन बृद्धि हुन गएको थियो। टोखाको भूअवस्थितिले पनि यो ठाउँ किल्लाको रूपमा रहनु स्वभाविक देखिन्छ।

मल्ल राज्यको विभाजनपूर्व काठमाडौं-उपत्यका वरिपरिका प्रदेशहरू एक किसिमको किल्ला स्वरूपका थिए। कीर्तिपुर, थानकोट, बलम्वु, नौलिंगस्थान, कपन, गोकर्ण, साँखु, साँगा आदि किल्ला रूपका वस्ती थिए भन्ने कुरा तात्कालिक सामग्रीहरूबाट स्पष्ट हुन्छ (ऐजन्, पृ. ५९,५०,५९,११७)। यसबाट राइटले उपत्यकाका चारैतिर होचा पहाडमा किल्लाहरूको अवशेष भएको र ती किल्लामा चारैतिर खाइ र ढिस्का देखेको कुरा सत्य देखिन आउँछ (राइट. इ. १९६६, पृ. ४५)। प्राचीनकालदेखि नै काठमाडौं-उपत्यकाका चाँगुनारायण, स्वयम्भू, वज्रयोगिनी, पशुपतिनाथ आदि देवस्थलहरू वनगढ रूपका थिए (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३७, पृ. ४५०)। यी कुराहरूबाट किल्ला रूपको टोखा वस्ती मध्यकालको पूर्वार्द्धमा बसेको थियो भन्ने कुराको पुष्टि हुन्छ।

टोखाको भौगोलिक स्थितिलाई नियाल्दा यो पूर्वी, पश्चिमी र दक्षिणी भागभन्दा निकै उठेको र उत्तरी भाग भने समतल रहेको पाईन्छ। यो वस्तीको उत्तरी र दक्षिणी भागमा ईटाद्वारा निर्मित एक एक वटा ठूला प्रवेश द्वार बनाइएका छन्। ती द्वारहरू पछिल्लो कालमा निर्माण गरिएको देखिन्छ तापनि यस्ले पुरानो प्रवेशद्वारको सम्झना दिलाइरहेको बुझिन्छ। त्यसताकाका अन्य वस्तीमध्ये कीर्तिपुर, बलम्वु आदिमा ईटाद्वारा निर्मित ऐतिहासिक प्रवेशद्वारहरू अद्यापि देख्न पाइन्छन्।

टोखा वस्तीको माथिल्लो भागमा मूल कोट रहेको छ जहाँ तुलजा भवानीको स्थापना गरिएको छ। यसलाई 'लायकु' भनिन्छ। संस्कृतमा यसलाई राजकूल वा राजप्रसाद भनिन्छ। यो कोटको गारो तीन हात चौडा भएको र त्यहाँ दुई ढुंगे धारा सहित इनार पुरिएको कुरा स्थानीय बुढापाकाहरू सुनाउँछन्। चण्डेश्वरीको प्रसिद्ध जात्रा यहींबाट सरकारी पूजा लगिएपछि मात्र आरम्भ हुने परम्परा रहेको छ। यसले राजनैतिक, प्रशासनिकका साथै सांस्कृतिक भूमिका निभाएको पाइन्छ।

## जयदेवविरुद्ध विद्रोह

टोखा एउटा छुट्टै राज्य नभएर काठमाडौंको एउटा महत्त्वपूर्ण सांग्रामिक स्थलको रूपमा मात्र रहेको हुँदा यसको छुट्टै इतिहास छैन भन्ने कुरा माथि नै चर्चा गरिसकिएको छ।

यस स्थानको उल्लेख नेपालको इतिहासमा महत्त्वपूर्ण प्रकाश पार्ने गोपालराज वंशावलीमा विभिन्न मितिका विभिन्न राजनैतिक घटनासंग जोडिएर आएकोले ती छरिएर रहेका घटनाहरूलाई क्रमवद्ध रूपमा प्रस्तुत गर्ने प्रयास यहाँ गरिएको छ। यहाँ कतिपय घटनाहरू स्पष्ट रूपमा दिइएको पाईदैन। विक्रमको चौधौं शताव्दीको आरम्भमा आर्थात् ने.सं. ३७४ आश्विनमा टोखाले विद्रोह गरेको घटना पहिलो पाइएको हुँदा यसबारे प्रकाश पार्न मध्यकालको तात्कालिक इतिहास संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ।

नेपालको इतिहासमा लिच्छविशासनको अन्त्यपछि जुन राज्यविभाजनको लहर चल्यो यो घटना राजनैतिक दृष्टिले महत्त्वपूर्ण देखा पर्छ। लिच्छवि राजाहरूले उपत्यका केन्द्रबाट पूर्व र पश्चिमका सामन्त शासकहरूमार्फत राज्य चलाइरहेका थिए भने मध्यकालको पूर्वार्द्धमा पूर्व र पश्चिमका टाढा-टाढाका प्रदेशहरूलाई 'विषय' (जिल्ला) जस्ता विभिन्न प्रशासकीय एकाईमा विभक्त गरी विषयपतिमार्फत् शासन संचालन गरिरहेको पाईन्छ। यो अवस्थामा केन्द्रमा कमजोर शासक देखा परेको समयमा भने सामन्त शासकले मौकाको फाइदा उठाई आफूलाई केन्द्रको अधिनबाट मुक्त गराई स्वतन्त्र शासक बन्ने उद्योग पनि गर्दथे। यसले समय-समयमा राजनैतिक संकट निम्त्याउनु स्वाभाविक देखिन्छ। तर यस अवस्थामा नेपाल बाहिरका शासक अर्थात् महत्त्वाकांक्षीहरूले नयाँ राज्यको स्थापना गर्ने अवसर समेत पाउने सम्भावन रहन्छ। यसरी वि.सं. ११५४ मा भारतका कर्नाट वंशका नान्यदेवले काठमाडौं-उपत्यकाको दक्षिणी प्रदेश तराइमा तिरहुत राज्यको स्थापना गरे (सिन्हा, इ. १९७९, पृ. ३१-३२)। यिनले राजधानी सिम्रौनगढबाट तराइको निकै ठूलो प्रदेशमा शासन चलाई नेपालमण्डललाई टुक्र्याएका थिए। अर्कोतर्फ, काठमाडौं-उपत्यका-पाश्चिमको कर्णाली प्रदेशमा विक्रमको वार्‍हौं शताव्दीमा नागराजले स्वतन्त्र राज्य स्थापना गरी पश्चिमतर्फबाट अलग्याएका थिए (योगी, वि.सं. २०१३, पृ. ५९)। यसरी बिक्रमको बार्‍हौं शताव्दीको पूर्वार्द्धमा केन्द्रमा देखा परेको कमजोरीले नेपालमा तीन स्वतन्त्र राज्य स्थापना हुन गएको कुरो स्पष्टत देखा परेको छ।

यो राज्य विभाजनले गर्दा एकले अर्कोलाई दबाउन तेस्रो राज्यसंग संगठन गर्ने जस्ता राजनैतिक गठवन्धन तथा दाउपेच बढी राज्यको शान्ति र विकासमा ठूलो अवरोध खडा हुन थाल्यो भने अर्कोतर्फ द्वैध शासन प्रणालीले केन्द्रको शासनमा प्रत्यक्ष कमजोरी ल्याएको थियो। यस क्रममा राजकुलमा शक्तिको लागि प्रतिस्पर्धा र संघर्ष देखा पर्‍यो। यसमा सफलता प्राप्तिको लागि एक पक्षले कर्णाली प्रदेशको खस राज्यलाई गुहार्नु पर्‍यो भने अर्को पक्षले तिरहुतका डोयलाई। यसरी गृहकलहमा बाह्य राज्यको हस्तक्षेप गराउने नीति राष्ट्रको हितमा कहिल्यै नहुने तथा यो स्थितिमा राष्ट्रको अस्तित्त्वमा नै आँच आउने सम्भावना हुन्छ। यसो हो तापनि खस र तिरहुत राज्यहरू उपत्यकाका राजपरिवार र राज्यको आन्तरिक मामलासँग प्रत्यक्ष संलग्न रहेर आर्थिकका साथै राजनैतिक फायदा उठाउन सफल भएका थिए।

अव वंशावलीमा उल्लेखित टोखा सम्वन्धी घटनाहरूको बारे चर्चा गरिन्छ। ने.सं. ३७४ आश्विनमा जयदेवले किल्लाको सुन लिएको हुँदा नेपी र टोखा किल्लाहरूले विद्रोह गरेको

कुरा लेखिएको छ (वज्राचार्य र मल्ल, ई. १९८५, पृ, ४६)। यी जयदेवबारेमा विस्तृत विवरण प्रस्तुत गर्न सामग्रीको अभाव छ तापनि केही हस्तालिखित ग्रन्थ र वंशावलीबाट केही कुरामा प्रकाश परेको छ। यिनी राजा अभय मल्लका छोरा थिए (पेटेक, इ. १९५८, पृ. ९)। यिनको उल्लेख सर्वप्रथम ने.सं. ३७७ को एउटा हस्तलिखित ग्रन्थमा 'राजाधिराज' भनिएको छ (ऐजन् पृ. ९०)। त्यसताका यिनी राजा थिए भन्ने कुरोको पुष्टि वंशावलीबाट पनि भएको छ। अभयमल्लको मृत्यु ने.सं. ३७५ आषाढको ठूलो भूकम्पमा भएको देखिएकोले यिनी त्यसैताका राजा भएका थिए। यिनलाई "... भ्वन्त श्रीजयदेव प्वहसन ..." भनिएको हुँदा यिनी वनेपाका थिए भन्ने कुरा देखिएको छ। यिनको मृत्यु ने.सं. ३७८ मा भएको देखिन्छ (रेग्मी, ई. १९५६, पृ. ३२२)।

विद्रोह जस्तो घटनाले राजनैतिक इतिहासमा महत्त्वपूर्ण स्थान राख्दछ। यहाँ विद्रोह भएको घटनाका मूल कारण युवराज छँदै जयदेवले किल्लाको सुन लुटेको देखिन्छ। तर यिनले कुन किल्लाबाट कस्को र कुन परिमाणमा सुन लुटेको हो भन्ने कुरो यो वंशावलीबाट प्रष्टिदैंन भने अर्कोतर्फ टोखा र नेपी किल्लाहरूको यो सुनसँग कस्तो सम्वन्ध अर्थात् यसमा कस्तो अधिकार रहेको थियो आदि विषयमा प्रकाश परेको पाईदैन। यो विद्रोहको परिणामस्वरूप जयदेवले ने.सं. ३७६ माघमा नेपी किल्ला आफ्नो कब्जामा लिएका थिए भन्ने देखिन्छ (वज्राचार्य र मल्ल, ई. १९८५, पृ. ४६)। यी घटनाबारे प्रष्ट पार्न अरू अध्ययन-अनुसन्धान हुनु आवश्यक देखिन्छ।

**टोखामा गोपालदेवको हत्या**

टोखा सम्वन्धी घटनाहरूमा ने.सं. ४६० पौषको विद्रोहमा गोपालदेवको हत्या गरिएको घटना दोस्रो महत्त्वपूर्ण मान्न सकिन्छ। यहाँ उल्लेखित गोपालदेव को थिए र यो घटनाको सृजना हुनमा के कस्ता कारण जिम्मेवार थिए भन्ने कुरा प्रष्ट्याउन तात्कालिक इतिहासका घटनाक्रम थाहा पाउनु आवश्यक भएकोले यहाँ सो संक्षेपमा दिइन्छ।

त्रिपुरमा अरि मल्ल र रूद्रमल्लको संयुक्त शासन चलेको थियो। रूद्रमल्लले आफ्नो नातेदार अरि मल्ललाई गद्दीमा राखी प्रभाव फैलाएका थिए। यिनी गद्दीका हकदार भने थिएनन्। यिनी शक्तिशाली बनेपछि त्रिपुरलाई एउटा गढको रूप दिए। समय समयमा केन्द्रको कमजोरीको मौका छोपी विद्रोह गरी स्वतन्त्र हुन चाहने महत्त्वाकांक्षी स्थानीय शासकहरूलाई पनि यिनले नियन्त्रण गरेका थिए (वज्राचार्य र श्रेष्ठ, वि. सं. २०३२, पृ. ३३)। ने.सं. ४४६ मा यिनको मृत्यु भइदिनाले राज्य संचालनमा कमजोरी देखा पर्न थाल्यो (वज्राचार्य र मल्ल, ई. १९८५, पृ. ५४)। यिनका दुवै छोराहरू सानै उमेरमा मरेकाले छोरी नायकदेवी मात्र उत्तराधिकारी रूपमा थिइन्। नायकदेवीको आमा रूद्र मल्लसँगै सती गएकीले यिनको रेखदेख बज्यै पदुमलदेवीबाट हुन थाल्यो। ने.सं. ४५० मा नायकदेवीको विवाह काशीका राजवंशका कुमार हरिश्चन्द्रसँग भयो। हरिश्चन्द्रका भाइ गोपालदेवको विवाह कामादेवीसँग भयो (ऐजन्, पृ. ५४)।

हरिश्चन्द्रले प्रभावशाली रूद्रमल्लकी छोरीसँगको नाताले आफ्नो प्रभाव जमाउन थाले। तर यो कुरो केही महत्त्वाकांक्षी भारादारलाई अप्रिय भयो। यसरी नातिनी ज्वांई र केही विरोधी भारादारहरू बीच घात-प्रतिघात हुने लक्षण देखी पदुमलदेवीले नातिनी ज्वांईको सुरक्षार्थ केही प्रभावशाली भारदारहरूलाई आफ्नो पक्षमा मिलाई केही विरोधीको हत्या समेत गराएकी थिइन्। तर यिनको मृत्युपश्चात् हरिश्चन्द्र निकै कमजोर बने। यो मौकामा विद्रोहीहरूले ने.सं. ४५३ वैशाखमा हरिश्चन्द्र विरूद्ध हतियार समेत उठाए, हरिश्चन्द्र यस्को सामना गर्न असमर्थ भइ कान्तिपुर शरण पर्न गए। अन्तमा ने.सं. ४५५ जेठमा यिनी विष प्रयोगद्वारा मारिए (ऐजन्, पृ. ३६)।

संरक्षिका बज्यैको मृत्यु तथा पतिको हत्या भएपछि टुहुरी जस्ती नायकदेवीको हेरचाह देवलदेवीद्वारा हुन थाल्यो। राजदरवारमा शरणार्थीको रूपमा बसेकी यिनी तिरहुतका राजा हरसिंह देवकी रानी थिइन्। तिरहुत राज्यमा ने.सं. ४४६ माघमा एउटा ठूलो घटना घट्यो (ऐजन्, पृ. ५४)। दिल्लीका वादशाह गयाशुद्दिन तुगलक वंगालको विद्रोह दबाई प्रशस्त फौजसाथ तिरहुत नजिकैको बाटोबाट फर्कंदै थिए। राजा हरसिंह देवले तुगलकको त्यत्रो ठूलो फौज आएको देखी भ्रमवश आफ्नो राज्यमा आक्रमण गर्न आएको सम्झी दुर्गबाट जनतासहित बाहिर निस्की आक्रमण गरे। तर त्यति ठूलो सैन्यका अगाडि केही नलागी बनदुर्गभित्र भागे र त्यहाँ पनि बनदुर्ग ध्वंश पारी आक्रमण गरेकाले हरसिंहदेव रानी देवलदेवी, छोरा जगतसिंह आदि सुरक्षाका लागि दोलखातर्फ आउँदा हरिसिंहदेव बाटैमा मरे; अन्यहरू समातिएर शरणार्थीका रूपमा दरबारमा ल्याइएका थिए। यी देवलदेवी शाहसी र महत्त्वकांक्षी थिइन्। यिनी आफ्नो छोरा जगतसिंह नायकदवीसँग विवाह गरी शक्तिशाली भएको देख्न चाहन्थिन्। अन्ततः नायकदेवीको जगतसिंहसँग दोस्रो विवाह भयो। जगतसिंह पनि महत्त्वाकांक्षी बनी शक्ति आफ्नो हातमा पार्ने प्रयासमा लागे।

उता गोपालदेव आफ्नो दाज्यू हरिश्चन्द्रको हत्या भएको सुनी राजकाज आफ्नो हात पार्ने उद्देश्यले षड्यन्त्रमा लागे। सत्ताका लागि आमाको शसक्त सहयोग पाएर केही प्रभावशाली भारदारहरूलाई आफ्नो पक्षमा मिलाई ने.सं. ४५७ जेठमा गोपालदेवलाई भक्तपुरबाट ललितपुर र त्यहाँबाट पनि टाढा धपाए (ऐजन्, पृ. ५७)। गोपालदेव ने.सं. ४६० मा जगतसिंहसँग टक्कर लिन प्रभावशाली भारादार जोगराम मुल्मीलाई आफ्नो पक्षमा मिलाई टोखामा गए। त्यहाँबाट यिनले जनतालाई उक्साई विद्रोह गरे। तर तुरून्तै त्रिपुरबाट आएका सैन्यले टोखा आफ्नो नियन्त्रणमा लिई विद्रोह दबाए। टोखा किल्लाभित्रका सबै विद्रोहीहरू समातिए, गोपालदेवको टाउको काटियो। यसरी यो घटनाको अन्त्य टोखा किल्लामा हुन गएको थियो।

**टोखामा पशुपति मल्ल**

ने.सं. ४४६ मा पशुपति मल्ल टोखामा पुगेको घटना राजनैतिक दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ। यसबारे खुलस्त पार्न तात्कालिक राजैतिक अवस्थाको चर्चा यहाँ संक्षेपमा गरिन्छ।

ने.सं. ४६४ मा अरि मल्लको मृत्यु भयो। यिनीपछि राजगद्दीको हकदार नहुँदा तीन बर्षसम्म गद्दी खाली रह्यो (रेग्मी, ई. १९५६, पृ. ३७५)। त्यहाँ गृहकलह हुने संभावना देखिएकोले यसको निराकरणका लागि आनन्ददेवका मठ्याहा छोरा राजदेव सर्वसम्मतिले गद्दीमा राखिए। यत्तिकैमा पशुपति मल्ल कैदमा परे (वज्राचार्य र मल्ल इ. १९८५, पृ. ५३)। यिनलाई कपन किल्लाबाट जोगराम मुलमी र सहज मुलमीले त्रिपुरमा लगेको कुरा त्यहाँ परेको छ। त्यहाँबाट ने.सं ४४६ मा पशुपति मल्ल टोखामा बसेको देखिन्छ (ऐजन्, पृ. ७२)। ने.सं. ४६८ जेठमा यिनी र यिनकी आमालाई ललितपुरबाट निकाली भुङ्गलछें किल्लामा राखिएको थियो र ने.सं. ४६९ मार्गमा पशुपति मल्लको मृत्यु कैदमा भएको उल्लेख पाइन्छ (ऐजन्, पृ. ६०)। यिनको उल्लेख मल्लवंशवृक्षमा पाईदैन। यिनलाई अरिमल्लको छोरा तथा उत्तराधिकारी थिए भनिएको छ (पेटेक, इ. १९५८, पृ. ११७)। तर यो नाताबारे स्पष्ट भएको पाईदैन। यिनले राजगद्दीको लागि बिद्रोह गर्न नसकुन् भन्ने अभिप्रायले यिनलाई कैदी जीवन बिताउन बाध्य तुल्याइएको बुझिन्छ। यिनले टोखामा रहँदा के कस्तो कदम चाले भन्ने कुरा रहस्यमय नै रहेको छ।

## टोखामा जेतपालको शरण

महाथ जेतपाल नुवाकोटका एक प्रसिद्ध भारादार थिए। महाथ त्यसताका महामंत्री अर्थात् मुख्य मंत्री मानिन्थ्यो। तात्कालिक प्रसिद्ध भारदार जयसिंहरामवर्द्धन, अनेकराम आदि महाथ पदमै रहेका थिए। त्यसताका सामन्तद्वारा शासित प्रदेशहरूमा यस्ता महाथहरूले स्थानीय प्रशासनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने व्यवस्था थियो। यत्ति ठूलो पदमा आसिन यी जेतपाल नुवाकोटबाट किन धपाइए भन्ने कुरा रहस्यमय रहेको छ। आर्थिक तथा सांग्रामिक दृष्टिले महत्त्वपूर्ण प्रदेश नुवाकोटमा सामन्त जुग ने.सं. ४६५ मा स्वतन्त्र शासन चलाइरहेका थिए। यिनले यसै समयमा उपत्यकाको त्रिपुरको भ्रमण गरेका थिए (बज्राचार्य र मल्ल, ई. १९८५, पृ. ५९)। यिनी यसतर्फ आउनाको कारण खुलस्त भएको छैन। तर उता देवलदेवीले अनेकराम, अभयराम जस्ता प्रभावशाली भारदारहरूलाई आफ्नो पक्षमा मिलाई शक्ति बढाउँदै नुवाकोटमाथि नियन्त्रण गर्नेतर्फ दृष्टि दिंदै गरेकी थिइन् (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२, पृ. ३७)। यस क्रममा जेतपाल र जुग बीच राजनैतिक विवाद परी जेतपाल नुवाकोटबाट निष्कासित भएका थिए कि भनी अनुमानसम्म गर्न सकिन्छ। यसरी निकालिएका यी जेतपाल ने. सं. ४७८ मार्गमा टोखामै शरण पर्न आउनुमा कुनै रहस्य हुनु स्वाभाविक देखिन्छ।

राजनैतिक कारणवश राजा तथा भारादार देश छाडी भाग्न परेमा सुरक्षित किल्लाहरूमा शरण पर्न जाने गरेको उदाहरण नपाइने होइन। ने.सं. ५०१ मा जयस्थिति मल्लले कमजोर गद्दीनशीन राजा अर्जुन मल्ललाई पन्छाई आफ्नो शक्ति बढाएका थिए। सर्वसाधारण जनताले राजाको राज्यच्यूत भएको वास्तविक कुरो थाहा नपाउन् भन्ने अभिप्रायले यिनले ठूलो जात्रा गरी उनलाई वनेपा धपाए। तर यो षडयन्त्र बुझेका अर्जुन मल्ल राजगद्दी फिर्ता गर्ने उद्देश्यले गोकर्ण किल्लामा शरण परेका थिए (वज्राचार्य र अरू, वि.सं. २०१९, पृ. ७५)।

**टोखामा राजमाता**

राजमाता ऋद्धिलक्ष्मी कान्तिपुर राज्यका राजा पार्थिवेन्द्र मल्लकी रानी तथा भूपालेन्द्र मल्लकी माता थिइन्। प्रसिद्ध राजा प्रताप मल्लको मृत्युपश्चात् केही कालसम्म बालक राजा हुनाको कारणले चिकुटी, लक्ष्मीनारायण जोशी जस्ता भारदारहरू शक्तिशाली भएका थिए भने अन्य छिमेकी राज्यका राजाहरू प्रभावशाली रहेका थिए। यसबाट त्यहाँ राजनैतिक अस्थिरता आएको थियो।

राजा भूपालेन्द्र मल्ल आफ्नो पिता पार्थिवेन्द्र मल्लको मृत्यु विष-प्रयोगद्वारा भएपछि आठ वर्षकै नावालक उमेरमा राजा भएका थिए। त्यसताका चौतरा लक्ष्मीनारायण जोशीको चकचकी थियो। राजमाता ऋद्धिलक्ष्मीले पनि यिनलाई साथ दिएकी थिइन्। भूपालेन्द्रले आफू अलि समर्थ भएपछि राज्यको वास्तविक वस्तुस्थिति बुझ्न थाले। यस क्रममा यिनी हात्ती खेदा, धार्मिक कार्यहरूमा राजमातासँग संलग्न भए तापनि वास्तवमा राजमाताको विगतको कार्यपद्धतिसँग सन्तुष्ट थिएनन्। यिनमा पार्थिवेन्द्र मल्लको मृत्यु विष प्रयोगद्वारा हुनु, राजमाताको लक्ष्मीनारायणसँगको सम्वन्ध जस्ता विषयमा शंका-उपशंका उठ्न थाल्यो। यसको परिणामस्वरूप राजमाताविरूद्ध आफ्नो विरोध दर्शाउन यिनी राजदरबार छोडेर कहिले गुह्येश्वरी त कहिले साँखु बस्न थाले। अन्तमा यिनले राजमातालाई कैद गरी टोखामा पठाएको घटना यस सन्दर्भमा उल्लेख्य रहेको पाइन्छ (तेवारी, वि.सं. २०१, पृ. ४४)।

**टोखा गोरखा अधिराज्यमा**

राजा यक्ष मल्लको मृत्यु ने.सं. ६०२ मा भएपछि काठमाडौं-उपत्यकाको राजनैतिक अवस्थामा ठूलो परिवर्तन आयो। उनका छोराहरू राय मल्ल, रत्न मल्ल, रण मल्ल, राममल्ल, अरि मल्ल, पूर्ण मल्ल र छोरीका छोरा भीम मल्लको संयुक्त शासन चल्यो। यो पद्धतिमा अधिकार तथा क्षेत्र विभाजन नहुँदा यो शासन व्यवस्थित हुन सकेन र यिनीहरूमा एकले अर्कोलाई उछिनी आफ्नो एकलौटी राज्य स्थापना गर्ने कुरामा प्रतिस्पर्धा चल्यो। यिनमा चतुर तथा महत्त्वाकांक्षी रत्न मल्ल आफ्नो दाजुभाइहरूसँगको संयुक्त शासनमा सरिक हुने तथा अर्कोतिर भित्रभित्रै आफ्नो मात्र स्वतन्त्र राज्य स्थापना गर्ने उद्योगमा लागे। अन्ततः यिनी कान्तिपुरमा एकलौटी शासनाधिकार जमाई ललितपुरमा आफ्नो प्रभाव स्थापना गर्न सफल भए (रेग्मी, इ. १९५६, पृ. ४६७)। यसरी काठमाडौं-उपत्यकाको एउटा सिङ्गो मल्ल राज्य विभाजन भई कान्तिपुर, ललितपुर र भक्तपुर गरी तीन छुट्टै राज्यहरूको स्थापना भयो। यो सांग्रामिक तथा साँस्कृतिक दृष्टिले महत्त्वको प्रदेश टोखा कान्तिपुर राज्यमा पर्न गयो।

कान्तिपुरका राजाहरूमध्ये प्रताप मल्ल, पार्थिवेन्द्र मल्ल, महीन्द्रसिंह र जयप्रकाश मल्लताकाका धेरै अभिलेखहरू प्राप्त भएका छन्। यहाँ प्राप्त भएका चार दर्जनभन्दा बढी अभिलेखहरू राजनैतिक दृष्टिले भन्दा साँस्कृतिक दृष्टिले बढी महत्त्वका रहेका छन्। यस प्रदेशको साँस्कृतिक महत्त्वबारे पछि छुट्टै शीर्षकमा चर्चा गरिने छ।

कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लको राज्यकालमा यो टोखा राजा पृथ्वीनारायण शाहको कब्जामा पर्न गएको थियो। पृथ्वीनारायण शाहले काठमाडौं-उपत्यकाका मल्ल राज्यहरू विजय गर्ने सिलसिलामा कान्तिपुर राज्यअन्तर्गतको आर्थिक तथा सांग्रामिक दृष्टिले महत्त्वपुर्ण प्रदेश नुवाकोट वि.सं. १८०१ मा विजय गरी एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका थिए। यिनले युद्धद्वारा मात्र मल्ल राज्यहरू विजय गर्न त्यति सजिलो नदेखी उपत्यकालाई चारैतिरबाट आर्थिक नाकावन्दी गर्ने योजना बनाए। यसअनुसार उपत्यकाका महत्त्वपूर्ण प्रदेशहरू आफ्नो कब्जामा लिने क्रममा वि.सं. १८०७ मा टिस्टुङ, चितलाङ् तथा दहचोक (पन्त र अरू, वि.सं. २०२५, पृ. ७७१) र वि.सं. १८१६ मा शिवपुरी विजय गरेका थिए (ऐजन्, पृ. ७७२)। यिनी कुनै पनि प्रदेशमा आक्रमण गर्नु अगाडि त्यहाँको प्रजापंचको जनमत अर्थात् अवस्थाबारे जानकारी लिन्थे (ऐजन्, पृ. १०२४-१०२५)। त्यसताका यिनै प्रजापंचले आक्रमण तथा प्रत्याक्रमणमा सहभागी हुनुपर्दथ्यो। यस्तो अवस्थामा पृथ्वीनारायण शाहले कतै समर्थन पाएको देखिन्छ भने कतै विश्वासघात र विरोधको सामना गर्न परेको उदाहरण पाइन्छ (ऐजन्, पृ. १००३, १००४)। टोखाले वि.सं. १८२२ जेठमा कुनै प्रतिकार नगरी पृथ्वीनारायण शाहसँग मिल्न गएकोले कान्तिपुर राज्यअन्तर्गतको यो टोखा प्रदेश गोरखा अधिराज्यमा बिलिन भएको पाइन्छ।

अन्ततः टोखा साँस्कृतिक दृष्टिले मात्र महत्त्वपूर्ण प्रदेश नभई यो एउटा सांग्रामिक दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण स्थल थियो। मध्यकालको पूर्वार्द्धका विभिन्न समयमा घटेका घटनाहरूबाट टोखा बिद्रोहिहरूको शरणस्थलको रूपमा पनि प्रसिद्ध भएको देखिन्छ।

**सन्दर्भ ग्रन्थ**

तेवारी, रामजी. 'भूपालेन्द्र मल्ल' *पूर्णिमा,* वर्ष १, अंक ३ (वि.सं. २०२१) पृ. ३७-४६।

पन्त, नयराज र अरू. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश,* ललितपुर: जगदम्वा प्रकाशन, वि.सं. २०२५।

पेटेक, लुसियानो. *मेडिएभल हिष्ट्री अफ नेपाल,* रोमः सेरिज ओरियन्टल, इ. १९५८।

मल्ल कमलप्रकाश. "लिङ्गिवस्टिक आर्कियोलोजी अफ द नेपाल भेलीः ए प्रिलिमिनरी रिपोर्ट," कैलाश, भोल. ८ नं. १-२, (इ. १९८१), पृ. ५-२३।

मानन्धर, ठाकुरलाल. *नेवारी-इङ्गलिस डिक्सनेरी.* दिल्लीः अगम कला प्रकाशन, इ. १९८६।

माली, टी. एन. "द सव्रव्स अफ काठमाडौः ट्वीन भिलेज पन्चायतस् अफ टोखा" *द राइजिङ नेपाल,* डिसेम्वर २६, १९७९।

योगी, नरहरीनाथ. *इतिहास प्रकाश,* अंक २, भाग १, काठमाडौं: इतिहास प्रकाशन संघ, वि.सं. २०१३।

राइट, डेनिएल. (संपा) *नेपाल,* न्यू दिल्ली: कस्मो पब्लिकेशन्स, इ. १९६६।

रेग्मी, डि. आर. *मेडिएभल नेपाल.* भाग १, कलकत्ता: फर्मा.के.एल, मुखोपाध्याय, इ. १९५६।

वज्राचार्य, धनवज्र. (संपा) *लिच्छविकालका अभिलेख,* काठमाडौं: नेपाल र ऐशियाली अध्ययन संस्थान, वि.सं. २०३०।

वज्राचार्य, धनवज्र र अरू. *इतिहास संशोधनको प्रमाण प्रमेय,* भाग १, ललितपुर: जगदम्वा प्रकाशन, वि.सं. २०१९।

वज्राचार्य, धनवज्र र कमल प्रकाश मल्ल. (संपा) *गोपालराजवंशावली,* काठमाडौं: नेपाल रिसर्च सेन्टर, इ. १९८५।

वज्राचार्य, धनवज्र र टेकवहादुर श्रेष्ठ. *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०।

__________ (संपा) *शाहकालका अभिलेख.* भाग १, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र. वि.सं. २०३७।

वैद्य, टि.आर. *पृथ्वीनारायण शाह: द फाउण्डर अफ मोडर्न नेपाल,* न्यू दिल्ली: अनमोल पब्लिकेशन्स, ई. १९९३।

सिन्हा, सि.पि.एन. *मिथिला अन्डर द कर्नाटज.* पटना: जानकी प्रकाशन, इ. १९७९।

श्रेष्ठ, टेकबहादुर. "टोखाको ऐतिहासिक सर्वेक्षण" अप्रकाशित प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५१।